शिवनाथ गाउँपालिका
SHIVANATH RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi

नेपाल सम्वत् (११४४)
पत्र संख्या(Ref. No) :-२०८०/०८१
सूचना नं. (Information. No) :-29

Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

# बोलपत्र स्वीकृतिको आशयको सूचना ।।

(प्रकाशित मिति २०८०/०९/०२)

शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०७/२१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

| सि.न. | ठेक्का नं. | निर्माण कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | 06/SRMUN/WORKS/2080/081 | Basula Road Construction Works At Shivanath ward 04 Basula | Shivanath Nagarjun Construction Beldandi-01, Kanchanpur | रु.16,33,967.50 |
| २. | 07/SRMUN/WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 1 at Shivanath RM Ward 1,2,3 and 5 Baitad | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | रु.17,23,901.00 |
| ३. | 08/SRMUN/WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 2 at Shivanath RM Ward 1,2,3 and 5, Baitadi | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | रु.18,55,480.00 |

२०८०/९/२

महेश सिह महता
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Email:ito.shivanathmun@gmail.com "सक्षम निजामती प्रशासन:विकाससमृद्धि र सुशासन" website:www.shivanathmun.gov.np



विवाहपञ्चमी | विवाहपञ्चमीका अवसरमा जनकपुरधाममा आइतबार जानकी मन्दिरमा श्रद्धालु भक्तजनको भीड ।
तस्बिर: निरञ्जनकुमार साह/रासस

# पाँच हजार भूमिहीनलाई जग्गाधनी पूर्जा

काठमाडौं– सरकारले करिब पाँच हजार भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पूर्जा उपलब्ध गराएको छ । सरकारले उनीहरूलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि पूर्जा वितरण गरेको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए ।

सरकारले भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीलाई आवश्यक कानुनी प्रबन्ध गरी भूमिसम्बन्धी समस्या समाधान गर्न गठन गरेको राष्ट्रिय भूमि आयोगमार्फत संकलन गरेको निवेदनमध्येबाट छानबिन गरी उनीहरूलाई पूर्जा वितरण गरेको हो । आयोगले सबै स्थानीय तहलाई निवेदन पठाउन पत्राचारका साथै सूचना प्रकाशन गरेको थियो । जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि बनाइएको थियो ।

देशभरका भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत स्थानीय निवेदन संकलन गरेको थियो । आयोगले करिब तीन वर्षको अवधिमा नौ लाख ८१ हजार भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीका निवेदन संकलन गरेको छ ।

नेपालको कुल क्षेत्रफलको लगभग २८ प्रतिशतमा आवादी छ । यस आवादी क्षेत्रको करिब ७५ प्रतिशत जमिन नापजाँच भई राज्यको आधिकारिक दर्ता रजिस्टरमा अभिलेख भएको छ । त्यसको दर्ता स्रेस्ता र प्रमाणपूर्जा तयार भएको छ ।

सहसचिव भट्टका अनुसार आवादी क्षेत्रको बाँकी लगभग २५ प्रतिशत जग्गामा लामो समयदेखि नागरिकको बसोबास, आवाद भए पनि सो क्षेत्रको नापनक्सा वा दर्ता स्रेस्ता कायम हुन नसकेको र बसोबासीले जग्गा धनी प्रमाणपूर्जा प्राप्त गर्न सकेका छैनन् । संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३७ (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र (२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट नहटाइने उल्लेख छ ।

लामो समयदेखि आवाद गरेको, बसोबास गरिआएको जग्गामा उनीहरूले आफ्नो स्वामित्वको सुरक्षा अनुभूत गर्न सकेका छैनन् । हजारौं परिवार भूमिहीन एवं सुकुम्बासी आफू बसोबास गरिरहेको जमिनको स्वामित्वबाट वञ्चित छन् । त्यस्तो जग्गा आधिकारिक जग्गा प्रशासन प्रणालीमा दर्ता नभएकाले औपचारिक किनबेच नहुने हुँदा दर्तामार्फत सरकारले राजस्व, रजिस्ट्रेसन दस्तुर, लाभकर, मालपोत तथा सम्पत्ति करजस्ता रकम प्राप्त गर्न सकेको छैन ।

सहसचिव भट्टका अनुसार सरकारी वा सामुदायिक जग्गामा बसोबास गर्ने धेरैजसो भूमिविहीन तथा विपन्न परिवारको व्यवस्थापन कसरी गर्ने भन्नेबारे मौजुदा कानुनमा प्रस्ट नरहेकाले आवश्यक व्यवस्थासहितको ऐन नियमको खाँचो छ । सार्वजनिक वन क्षेत्रमा लामो समयदेखि बसोबास गरेका भूमिहीनलाई सोही जग्गामा व्यवस्थापन गर्न वन ऐन संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । रासस

# चिवाभञ्ज्याङ पुगेर टुंगियो एमालेको संकल्प यात्रा



■ प्रभाव संवाददाता

पाँचथर– नेकपा एमालेले सञ्चालन गरेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा आइतबार सम्पन्न भएको छ । पाँचथरको याङवरक गाउँपालिका-१ चिवाभञ्ज्याङमा झण्डोत्तोलन गरी एमाले अध्यक्ष केपी शर्मा ओलीले अभियान सम्पन्न भएको घोषणा गरेका हुन् ।

एमालेका केन्द्रीय पदाधिकारी, स्थायी कमिटी तथा पोलिटब्युरोका सदस्य, केन्द्रीय कमिटीका सदस्य, जनप्रतिनिधिलगायत उक्त अभियान सम्पन्न गर्न आइतबार बिहान चिवाभञ्ज्याङ आइपुगेका थिए । पुष्पलाल (मध्यपहाडी) राजमार्गको अन्तिम बिन्दु बैतडीको झुलाघाटबाट मंसिर १४ गते यात्रा सुरु गरिएको थियो । झण्डोत्तोलनका अतिरिक्त अध्यक्ष ओलीले यहाँ निर्माण गरिएको यात्राको प्रतीक स्तम्भको अनावरण गरे । उक्त कार्यक्रमका लागि आसपासको क्षेत्रबाट एमाले समर्थक तथा कार्यकर्ता उक्त स्थानमा पुगेका थिए ।

अभियान सम्पन्न भएपछि एमाले अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ग्याली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल र सुरेन्द्रप्रसाद पाण्डे तथा महासचिव शंकर पोखरेल हेलिकप्टरमार्फत फिदिम फर्किएका छन् । उपमहासचिवत्रय प्रदीप ग्याली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल तथा सचिवसहितका नेताहरू पैदलमार्ग हुँदै फिदिम फर्किएका छन् । यसअघि पाँचथरको फिदिममा शनिबार एमालेले सन्देशसभा आयोजना गरेको थियो । आइतबार पाँचथरको याङवरक–१ च्याङथापुमा कोणसभा आयोजना गरेको थियो ।

तीन हजार १२८ मिटरको उचाइमा अवस्थित चिवाभञ्ज्याङ भारतको सिक्किम प्रान्तसँग सीमा जोडिएको स्थान हो । स्थानीयवासीले लामो समयदेखि सीमानाकाको स्थापनाको माग गरिरहेको चिवाभञ्ज्याङमा एमालेको यात्रा टुंगिने क्रममा ठूलो संख्यामा नेता तथा कार्यकर्ता पुगेका छन् । अभियानले चिवाभञ्ज्याङलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न, नाका स्थापनाका लागि सहयोग गर्न मद्दत मिल्ने च्याङथापुका ताराकुमार खाम्सिङको भनाइ छ ।

# 'युद्धमा परेका नेपाली नागरिकको उद्धार गर्नू'

काठमाडौं (प्रस)– राष्ट्रिय मानवअधिकार आयोगले रुस-युक्रेनको युद्धमा परी मृत्यु भएकाका नेपालीको शव स्वदेशमा ल्याई आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार दाहसंस्कार गर्ने व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । आयोगले युद्धमा परी घाइतेहरूको उपचारका लागि प्रभावकारी पहल गर्न स्वदेश फर्कन चाहने नेपालीलाई कूटनीतिक पहलद्वारा स्वदेश फर्कने व्यवस्था मिलाउनुपर्ने उल्लेख गर्दै उक्त आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'मृतकका परिवार र घाइतेलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा भविष्यमा यस प्रकारको गैरकानुनी बाटोबाट वैदेशिक रोजगारमा जाने स्थिति अन्त्य गरी नागरिकको जीउधनको सुरक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

रुस-युक्रेनबीच भइरहेको युद्धका क्रममा विभिन्न गैरकानुनी बाटो प्रयोग गरी नेपाली त्यहाँका सेनामा भर्ना भएका र युक्रेनी सेनाको आक्रमणमा परी केही नेपालीको मृत्यु भएको, केही घाइते भएका, अझै पनि सयौंको संख्यामा रुस र युक्रेन दुवैतर्फको सेनामा कार्यरत रहेको भनी विभिन्न स्रोतबाट जानकारी प्राप्त भएको जनाएको छ । त्यस्तै, नेपाली नागरिक जहाँ र जुनसुकै अवस्थामा रहे पनि उनीहरूको मानवअधिकारको संरक्षण र उद्धार गर्नु सरकारको कर्तव्य हुनेसमेत आयोगको भनाइ छ ।


शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति २०८०/०९/०२

शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०७/२१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पूर्वक म्याद भित्र *www.bolpatra.gov.np/egp* मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | निर्माण कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 06/SRMUN/ WORKS/2080/081 | Basula Road Construction Works At Shivanath ward 04 Basula | Shivanath Nagarjun Construction Beldandi-01, Kanchanpur | Rs.16,33,967.50 |
| २ | 07/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 1 at Shivanath RM Ward 1,2,3 and 5 Baitad | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | Rs.17,23,901.00 |
| ३ | 08/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 2 at Shivanath RM Ward 1,2,3 and 5, Baitadi | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | Rs.18,55,480.00 |

प्रमुख प्रशासकीय अधिकृत



**KAMALAMAI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
SINDHULI
BAGMATI PROVINCE, NEPAL

**Invitation for e-Bids for the works specified in the table hereunder**

**Date of publication: 18th December 2023**

1. Kamalamai Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works specified in the table herewith under National Competitive Bidding procedures. The estimated amounts for the works are as stated in the table herewith.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically only, should deposit the cost Nrs. 3,000.00 (Nrs. Three Thousands) non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : **Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office** : **Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli**
   **Office Account no.** : **1060100301010003**
   **Account name** : **KAMALAMAI NA.PA.(GA-1-1)-AANTARIK R**
4. Pre-bid meeting shall be held at Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli at 9th January, 2024.
5. Electronic bids must be submitted to the office Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli by PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 P.M. on 18th January, 2024.
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M. on 18th January, 2024at the office of Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified in the table herewith, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT& Contingencies (NRs.) | Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/ NCB/13/080/081 | Children Park Construction & Infrastructure Development Work, KamalamaiMunicipality-3, Sindhuli | 4,059,371.44 | 125,000.00 |
| KMU/SIN/Work/ NCB/14/080/081 | Dharabhanjyang-Satpatre Water Supply Scheme, Kamalamai Municipality-4, Sindhuli | 3,749,044.88 | 116,500.00 |

**(Chief Administrative Officer)**